वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित
आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ८ ❍अंक २१९ ❍श्रेणी 'क' ❍२०७३ जेठ ७ गते शुक्रबार ❍20 May 2016 ❍पृष्ठ ४ ❍मूल्य रू. ५/-

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्छ ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

अभिभावकलाई बोझ कम गर्न बसमा बढी विद्यार्थी !

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

पोखरा नयाँगाउँ निवासी विष्णु न्यौपाने नागढुंगामा रहेको सरस्वती उच्च माविको कक्षा २ मा पढ्छिन् । नयाँ गाउँदेखि नागढुंगासम्म कक्षा २ मा पढ्ने उनी स्कूलको सुरुवात देखिनै बसमा उभिएर स्कुल आउन बाध्य छिन् । विष्णु जस्ता सयौं बालबालिका छन् जो स्कुल जान्छन् तर स्कुल नपुग्दै बसको बसाईले शिथिल हुन बाध्य छन् कारण बसमा खुट्टासम्म राख्ने ठाउँ हुँदैन । घरबाट निस्कँदा अनेकौं सपना बोकेर स्कुल हिंडेका विद्यार्थी बसमा पाईने सास्तीले आफै शिथिल भएको महसूस गर्छन । बसमा एक विद्यार्थीको काँखमा अर्को विद्यार्थी बस्नुपर्ने बाध्यता हुन्छ । बालबालिकालाई बोज पर्ने गरी काखमा बालबालिका राखिदिने र साना-साना बच्चाहरुलाई पनि बसमा उठेर स्कुल आउन बाध्य बनाउने गरेको छ स्कूलहरुले ।

हरेक परिवारमा २/३ जना बच्चाहरु एउटै स्कुलमा पढ्न आउने र अभिभावकको चाहनाले पनि बढी विद्यार्थी बोक्नुपरेको सरस्वती उच्च माविका संस्थापक प्रिन्सिपल दुर्गाबहादुर थापा बताउँछन् । उनी भन्छन्-'बच्चाहरु धेरै छन् अनि अभिभावकलाई आर्थिक भार कम होस् भन्ने उद्देश्यले पनि बसमा बढी विद्यार्थी बोक्नुपरेको हो ।' 'सबै अभिभावक को चाहना पनि बच्चाहरुको स्कुल फि वा बस फि कम होस् वा फ्रि होस भन्ने हुन्छ र आवश्यक नभएका विद्यार्थीले पनि बीचमा बस रोकेर चढ्ने हुँदा बसमा क्षमता भन्दा बढी विद्यार्थी हुने गरेको हो'-थापाले भने । यो समस्या समाधान हुन केही महिना लाग्ने उनी बताउँछन् । जो पहिला आउँछन्, वा जसको घरमा पहिला स्कुल बस आउँछ उही सिटमा बस्छ, स्कुलको प्राङ्गणमा बस पुग्दा आफू बसेको सिटमा साथीमात्र होईन काखमा समेत २/४ जना विद्यार्थीले उसलाई किचिसकेका हुन्छन् ।

जिल्ला शिक्षा कार्यालय कास्कीले स्कुलहरुमा निगरानी गर्न थाले पछि पनि स्कुलबसहरुले विद्यार्थी खाद्न र बसको रंग परिवर्तन गर्न अटेर गरिरहेका छन् । डिजिल्याण्ड एकेडमीले लामो समयदेखि सेतो रंगको स्कूल बस प्रयोग गरिरहेको छ । बसमा २ जना र ३ जना क्षमताका गरि दुई तर्फी सिट छन् तर २ जनाको सिटमा ४ जना र ३ जनाको सिट क्षमतामा ७ जनासम्म विद्यार्थी राख्ने गरिएको छ । विद्यालयले प्रयोगमा ल्याउने बस पहेंलो सुन्तला रंग हुनु पर्ने सबै जानकार भएपनि स्कुल बिदा गर्न नमिल्ने र रंग लगाउन लाई समय लाग्ने हुँदा बिदाको समय कुरेर बसेको बसका सह-चालक गोबिन्द चौधरी बताउँछन् । विगत १६ बर्ष देखि आफूले गाडी चलाए पनि स्कुल बस भने एक बर्ष अघिमात्र चलाएका चालक रामबहादुर कुँवर आफूहरु अरुको आदेशमा मात्र चल्ने हुँदा सम्बन्धित ठाउँमा गएर कुरा गर्न आग्रह गर्छन् । आफूहरु स्कुल बसको नियम र रंगबारे थाहा नपाएको र पछि मात्र ट्राफिकले बोलाएर प्रशिक्षण दिएपछि थाहा हुन आएको उनले बताए ।

विद्यालयमा ३०० जना विद्यार्थी रहेपनि आफ्नो बसमा धेरै नहुने उनले जिकिर गरे । तर उनले चलाएको बसमा सिट क्षमता भन्दा बढी विद्यार्थी थिए। अर्को चालकले भने बसको ब्ल्यू बुकमा नै निलो रंगको स्कुल बस स्पष्ट लेखिएकाले आफूहरु गलत नभएको उनको दाबी थियो । आफूले स्कुलले जे भन्यो त्यही गर्ने गरेको र यसरी बच्चाहरुलाई खादेर स्कुल लाँदा नरमाईलो लाग्ने लनर्स एकेडमीका बस चालक रञ्जन सुनारले बताए । उनले भने-'देशमा लोकतन्त्र आयो के-के भो', भन्छन्,-खै अझै हामी यस्तै साना कुरामा अल्झिएका छौं ।' आफूहरुले बसमा विद्यार्थी धेरै राखेको स्वीकार गर्दै, सधैं यस्तो नहुने र आउँदा दिनमा नियम पालना गर्ने लनर्स एकेडमीका संस्थापक इश्वरबन्धु गौतमले प्रतिबद्धता जनाए । अमरज्योति बोडिङ स्कुल सिमलचौरका निर्देशक शिब गौतमले भने आर्थिक अभावमा तत्काल त्यस्तो काम गर्न कठिन भएको दुखेसो पोखे । स्कुलसंग पर्याप्त रकम नहुने हुँदा अब छलफल गरेरमात्र काम गर्ने गौतमको भनाई थियो ।

कतिपय स्कुलले भने संचारमाध्यमले देख्छ र देखाउँछ भन्ने डरमा स्कुल बस नै नरोक्ने गरेका छन् । स्कूलको यस्तै रवैया बढेपछि पोखराको फेवा टेलिभिजनले गरेको 'स्कुल बस निगरानी' कार्यक्रम संचालन गरेको छ । उक्त कार्यक्रमबाट त्रसित बनेका केही स्कुल संचालकहरु संचारमाध्यमले बस रोक्न खोज्दा नरोकी जाने गरेको फेवा टेलिभिजन का स्टेशन म्यानेजर हेमराज अधिकारीले जानकारी दिए । उनले भने 'हाम्रो निगरानी स्कुलतिर भन्दा पनि प्रवृत्ति तिर हो।'

जिल्ला शिक्षा कार्यालय र जिल्ला ट्राफिक कार्यालयको सहयोगमा स्कुलबसको निगरानी कार्यक्रमलाई निरन्तरता दिईने फेवा टेलिभिजनले जनाएको छ ।

सुजल फुडस् विरुद्ध प्रशासनमा मुद्धा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

सुजल फुड्सको उत्पादन 'टफी' र 'बबलगम' खाद्य ऐन अनुसार नभएको भन्दै दुषित खाद्य पद्धार्थ उत्पादन, सञ्चयन र विक्री वितरण गरेको आरोपमा छुट्टा-छुट्टै २ वटा मुद्धा दायर गरिएको छ । जिल्ला प्रशासन कार्यालय कास्कीमा खाद्य ऐन २०२३ को दफा ११ अन्तर्गत दायर गरिएको मुद्धामा सुजल फुड्स प्रालिले उत्पादन र विक्री वितरण गर्दै आएको टफी ऱ्यापरबाट बाहिर निस्किएको, सडेगलेको र नमिठो स्वाद भएको भनि जिल्ला खाद्य निरीक्षण कार्यालय कास्कीका खाद्य निरीक्षक हरिसिंह बोहराले सुजल फुड्स प्रालि पोखराका उद्योगपति सुनिल श्रेष्ठ विरुद्ध मुद्धा दायर गरेका हुन् ।

खाद्य निरीक्षक बोहराले दायर गरेको मुद्धामा लगाइको अभियोगमा २०६५ असोज ६ मा शैलेश्वरी ट्रेडर्स एण्ड कन्सर्न धनगढीबाट लिइएको सुजल ब्राण्डको टफी दुषित भएको पुष्टि गरिएका कागजपत्र र शैलेश्वरी ट्रेडर्सका संचालक जगदीश जोशी र उद्योगपति सुनिल श्रेष्ठको बयानका आधारमा २०६७ पुष २६ मा जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले समेत निर्णय दिएको उल्लेख गरिएको छ । जसअनुसार विक्रेता जगदीश जोशीलाई आफ्नो उत्पादन नभएकाले कार्वाही गर्न नपर्ने तर उद्योगपति सुनिल श्रेष्ठले खाद्य ऐन २०२३ संशोधन सहितको दफा ३ बमोजिम कशुर गरिएको ठहर गरेकोले सोही ऐनको दफा ५ (३) बमोजिमको दण्ड सजाय हुनेगरि जिल्ला सरकारी वकिलको कार्यालयले निर्णय गरेकाले सोही अनुसार कार्वाही गर्न जिल्ला प्रशासन कार्यालय कास्कीमा मुद्धा दायर गरिएको हो ।

सोही अभियोगका बारेमा जिल्ला खाद्य निरीक्षण इकाइ कास्कीका खाद्य निरीक्षक शिवजी बरालसंग सुनिल श्रेष्ठले दिएको बयानमा भनेका छन्-'आफ्नो उद्योगमा प्रयोगशाला जाँच र विश्लेषण पछिमात्र उत्पादनहरु विक्री वितरण गरिने भएकोले टफीमा हाल्नुपर्ने कच्चा पदार्थ कामदारले कम हालेको कारण वा व्यापारीले राम्रो स्टोरेज नगरेका कारण टफी पग्लिएर सडेगलेको तथा स्वाद बिग्रिएको हुन सक्छ ।'

यसैगरी जिल्ला प्रशासन कार्यालय कास्कीमा दायर भएको अर्को मुद्धा खाद्य निरीक्षक खेमराज काफ्लेको जाहेरी प्रतिवेदनबाट परेको हो । उक्त मुद्धामा पनि सुजल फुडस्का सुनिल श्रेष्ठलाई नै प्रतिवादी बनाइएको छ । मुद्धामा २०६४ मंसिर १० खाद्य निरीक्षक काफ्लेले स्याङ्जाको प्रगति नगरस्थित अशोक एण्ड अमृत स्टोर्सबाट बबलगमको नमूना लिइ परीक्षण गर्दा प्याकिङ गरिएको खाद्य पद्धार्थ राख्ने भाँडाको लेभलमा सम्पूर्ण विवरण खुलाउनुपर्ने उत्पादन मिति र ब्याच नम्बर उल्लेख नभएको जनाएको छ । सार्वजनिक विश्लेषकको प्रतिवेदनमा सुजल फुडस्को उत्पादन बबलगम नेपाल सरकारले तोकेको अनिवार्य गुणस्तर परिधिभित्र नपरेको उल्लेख छ ।

यसै विषयलाई लिएर विक्रेता अशोक एण्ड अमृत स्टोर्सका अमृत श्रेष्ठसंग बयान लिंदा उनले यो दोष विक्रेताको नभइ उत्पादकको हुने भनेको र उद्योगपति सुनिल श्रेष्ठसंग बयान लिंदा आफ्नो गल्ती स्वीकार गरेकोले खाद्य नियमावली २०२७ संशोधनसहितको नियम १८ (१), च बमोजिमको कसुर गरेको ठहर गर्दै खाद्य ऐन २०२३ को दफा ५ (५) बमोजिम दण्ड सजायँ गर्न जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले निर्णय गरेकोले सोही अनुसार कार्वाही गर्न जिल्ला प्रशासन कार्यालयमा खाद्य निरीक्षक बरालले मुद्धा दायर गरेका हुन् ।

लमजुङमा बस दुर्घटना, ९ को मृत्यु

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

मध्यनेपाल नगरपालिका वडा नं. ५, जिता र तान्द्राङटक्सारको सीमा साल्मेडाँडामा यात्रुबहासक बस दुर्घटना हुँदा ९ जनाको मृत्यु भएको छ । अन्य ९ जना गम्भीर घाइते छन् । प्रहरी र स्थानीयका अनुसार बस कच्ची सडकबाट करीब ४ सय मीटर तल खसेको छ । डीएसपी शम्भूप्रसाद ढकालले ९ जनाको घटनास्थलमै मृत्यु भएको बताए । दमौलीबाट जिताका लागि छुटेको ना६ख ४१३६ नं. को यात्रुबहाक बस बिहीबार साँझ ५ बजेतिर दुर्घटना भएको प्रहरीले जनाएको छ । उनका अनुसार मृत्यु हुनेमा मध्यनेपाल १, जिताकोटका ३५ रमा गुरुङ, ५३ वर्षीय रामकृष्ण गुरुङ र उनकी पत्न ४५ वर्षीया मीनाकुमारी गुरुङ, ८० वर्षीया चिनमाया गुरुङ, ३६ वर्षीया राजिन गुरुङ, ४१ वर्षीय शेरवहादुर खवास, ३५ वर्षीय गणेश गुरुङ, १ वर्षीया सविना खवास र ३५ वर्षीय नारायण थापा रहेका छन् ।

घाइते ९ जनाको तनहुँ सदरमुकाम दमौलीस्थित अस्पतालमा उपचार भइरहेको छ । घाइतेमध्ये अधिकांश गम्भीर रहेको प्रहरीले जनाएको छ । घटनास्थलमा प्रहरी र ट्राफिकले स्थानीयसँग मिलेर यात्रुहरुको उद्दार गरेका थिए ।

प्रत्यक्षदर्शी स्थानीय हेमलाल खवासले बैशाख पूर्णिमा मनाउन गाउँ आएका दम्पत्ति नै उक्त घटनामा परेर निधन भएको बताए । 'खेतमा काम गर्दै थियौं । बस सडकबाट हेर्दाहेर्दै तल पो खस्यो' उनले भने । उनका अनुसार रात परेकाले उद्धारमा समस्या भएको थियो ।

लेखनाथमा खुल्दै इलाका प्रहरी कार्यालय

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

कास्कीको लेखनाथ नगरपालिका र आसपास गाविसका बासिन्दा अब जिल्ला प्रशासनबाट लिने सेवाकै लागि पोखरासम्म धाउन नपर्ने भएको छ । लेखनाथमा एक साता भित्रमा ईलाका प्रशासन कार्यालय सञ्चालनमा आउने भएपछि त्यस आसपासका बासिन्दाले सहज सेवा पाउने भएका हुन् । लेखनाथको खुदी (ढुङ्गेपाटन) स्थित पोखरा विश्वविद्यालय नजिकै कार्यालय स्थापना गरिएको छ । स्थानीय सरस्वती प्राविको भवनमा कार्यालय ब्यवस्थापन गरिसकिएको छ । 'अफिस सेटअपको काम सकिएको छ,' कार्यालय प्रमुख दिपेन्द्र पौडेलले भने-'सेवा दिन तयार छौं ।'

कार्यालयका लागि स्वीकृत दरबन्दी अनुसारका कर्मचारी पनि आइसकेका छन् । इलाका प्रशासन कार्यालय लेखनाथमा तेस्रो श्रेणीका अधिकृतको नेतृत्वमा १० जना कर्मचारी रहनेछन् । तेस्रो श्रेणीका एक जना शाखा अधिकृत, चार जना नायब सुब्बा, एक जना सह लेखापाल, सहायक कम्प्युटर अपरेटर एक जना तथा करार सेवाबाट दुई जना कार्यालय सहायक र अर्को एक गरी १० जना कर्मचारी कार्यालयमा रहनेछन् । कार्यालयमा चार वटा शाखा रहनेछन् । स्थानीय प्रशासन तथा शान्ति सुरक्षा, नागरिकता, राहदानी, गुनासो तथा द्वन्द ब्यबस्थापन लेखा शाखा गरी चार शाखा स्थापना गरी इलाका प्रशासन कार्यालय सञ्चालनमा ल्याउन लागिएको हो । कार्यालय ब्यवस्थापन सँगै कर्मचारीको तलवको लागि तत्काल १७ लाख रुपैया बजेट आएको प्रमुख पौडेलले जानकारी दिए । इलाका प्रशासन कार्यालयको कार्यक्षेत्र लेखनाथ नगरपालिकासँगै आसपासका पायक पर्ने गाविसहरु राख्ने तयारी भएपनि निश्चित भने भएको छैन । प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले स्थानीय राजनीतिक दल र सरोकारवालाको सुझावको आधारमा सेवाग्राहीलाई सहज हुने गरी कार्यक्षेत्र तोकिने बताए । गृह मन्त्रालयले गत बर्षको कार्तिक २९ गतेनै इलाका प्रशासन कार्यालय संचालनका लागि स्वीकृती प्रदान गरेपछि सामान्य प्रशासन मन्त्रालयले दरबन्दी स्विकृत गरी पठाएको थियो ।

कार्यालयबाट नागरिकता, राहदानी लगायत जिल्ला प्रशासनबाट दिने सामान्य सेवाहरु प्रदान गरिनेछ । इलाका प्रशासन

बाँकी २ पृष्ठमा......

पोखराका बैंकहरुको खराब कर्जा ज्यादै न्यून

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

पोखरामा मुख्य कार्यालय रहेका वित्तिय संस्था ९ छन् । चालु आर्थिक बर्षको तेस्रो त्रैमाससम्ममा पोखरा केन्द्र बनाएर संचालनमा रहेका नौ वित्तीय संस्थाले ९८ करोड ५३ लाख ४३ हजार रुपैयाँ नाफा कमाएका छन् । यस अवधिमा पोखरा फाइनान्स बाहेक सबै वित्तीय संस्थाहरुको नाफा बढेको छ । पोखराका बैंकहरुले खराब कर्जालाई न्युनीकरण गर्दै संस्थागत सुशासनको नमूना समेत प्रस्तुत गरेका छन् । नौ वित्तिय संस्थामध्ये ६ वटा संस्थाको खराब कर्जा एक प्रतिशत भन्दा तल रहेको छ भने कुनै पनि संस्थाको तीन प्रतिशत भन्दा बढी खराब कर्जा देखिंदैन। गत आर्थिक बर्षको यसै अवधिमा यी नौ वित्तीय संस्थाले ७५ करोड ३३ लाख ५९ हजार खुद नाफा कमाएका थिए । यो नाफा समिक्षा अवधिमा २३ करोड १९ लाख ८४ हजार रुपैयाँ अर्थात झण्डै ३१ प्रतिशत बढी हो ।

पोखरामा प्रधान कार्यालय रहेका नौ वटा संस्थामध्ये ७ वटा विकास बैंक र २ वटा फाइनान्स कम्पनी छन् । यसक्षेत्रमा मात्रै बाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघु वित्त विकास बैंकका गरि २५० भन्दा बढि शाखाहरु संचालनमा रहेका छन् । नाफाका हिसाबले मुक्तिनाथ विकास बैंक पहिलो, फेवा विकास बैंक दोस्रो र गरिमा विकास बैंक तेस्रो स्थानमा छन् । यसअवधिमा मुक्तिनाथले २४ करोड ८२ लाख रूपैयाँ, फेवा विकास बैंकले १६ करोड ४८ लाख, गरिमा विकास बैंकले १४ करोड ६६ लाख नाफा कमाएका छन् । चौथौ स्थानमा रहको ओमले १४ करोड १० लाख कमाएको छ ।

यसैगरी गण्डकी विकास बैंकले ८ करोड ९१ लाख रूपैयाँ कामना विकास बैंकले ६ करोड ५८ लाख, कास्की फाइनान्सले ५ करोड ११ लाख, मेट्रो विकास बैंकले ४ करोड २६ लाख र पोखरा फाइनान्सले ३ करोड ५७ लाख नाफा कमाएका छन् । गतबर्षको यसै अवधिको तुलनामा पोखरा फाइनान्सको मात्र नाफा घटेको हो । फाइनान्सको ब्याज आम्दानी र संचालन मुनाफामा गिरावट आएपछि नाफा घटेको मेरो लगानी डटकमले उल्लेख गरेको छ ।

पोखरामा रहेको वित्तिय संस्थाहरु मुक्तिनाथ विकास बैंकले सिभिक डेभलपेमन्टलाई एक्वायर गरेको हो भने फेवा फाइनान्स र विश्व विकास बैक मर्जर भएर फेवा विकास बैंक बनेको हो त्यस्तै ओम फाइनान्स र सिटी डेभलपमेन्ट बैंक गाभिएर ओम डेभलपमेन्ट बैंक बनेको हो । मर्जरका कारण पनि यी बैंकहरुको पुँजीवृद्धि हुनका साथै नाफामा समेत उच्च वृद्धि देखिएको हो ।

कास्की फाइनान्स र कामना विकास बैंक पनि मर्जरको प्रक्रिया रहेका छन् । त्यस्तै मेट्रो डेभलपमेन्ट बैंक कैलाश विकास बैंक तथा नेपाल एक्सप्रेस फाइनान्ससँग मर्जरको प्रक्रियामा रहेको छ । चुक्ता पूँजीका हिसाबले ओम डेभलपमेन्ट सबैभन्दा अगाडि रहेको छ ।

ओमको एक अर्ब ५ करोड चुक्ता पूँजी रहेको छ, फेवाको ९९ करोड, गरिमाको ८५ करोड तथा मुक्तिनाथको ८३ करोड रुपैयाँ पुँजी रहेको छ । पोखराका विकास बैंकमध्ये सबैभन्दा कम चुक्ता पुँजी रहेको मेट्रो डेभलपमेन्ट बैंकको पनि २५ करोड चुक्तापुँजी रहेको छ ।

यसैगरी पोखराका वित्तीय संस्थाहरुमा मेट्रो डेभलपमेन्ट बैंकको सबैभन्दा कम खराब कर्जा रहेको छ । उसको ०.०२ प्रतिशत मात्र खराब कर्जा छ । सबैभन्दा बढी खराब कर्जा हुने फेवा विकास बैंकको पनि २.९९ प्रतिशत मात्रै खराब कर्जा रहेको छ । यहाँका नौ वित्तीय संस्थामा ६ वटा वित्तीय संस्थाको एक प्रतिशत भन्दा कम खराब कर्जा हुनुले पनि यहाँका वित्तीय संस्थाहरुमा संस्थागत सुशासन सबल रहेको देखिन्छ । पोखराका बैंक तथा वित्तीय संस्थाहरुको पर्यटन, कृषि लगायतका क्षेत्रमा बढी कर्जा परिचालन गरेको कारण कर्जा असुलि सहज हुँदा खराब कर्जा कम हुने गरेको छ । बैंक तथा वित्तीय संस्थाहरुले वित्तीय सुशासन र असल ऋणिका कारण पनि यहाँका बैकहरु प्रत्येकबर्ष थप सक्षम र सबल बन्दै गएका हुन् ।

यसैबीच राष्ट्रियस्तरको विकास बैंकमा स्तोरन्नत्ति भएपछि पोखराका केही वित्तीय संस्थाहरु राजधानी आउने क्रममा रहेका छन् । मुक्तिनाथ विकास बैंकले राजधानीमा आफ्नो शाखा विस्तार गरिसकेको छ भने कर्पोरेट कार्यालय समेत राजधानी ल्याउने तयारी रहेको छ । त्यस्तै गरिमा विकास बैंकले पनि राजधानीमा यसै साता आफ्नो शाखा कार्यालय संचालनमा ल्याउने तयारी गरेको छ ।

पोखराका बैंकमा उल्लेख्य रेमिटेन्स कारोबार हुने गरेको छ । पोखराका विकास बैंकले कृषि, पर्यटन, आवास, व्यापार, घरजग्गा, व्यवसाय, सवारी, शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा नै लगानी केन्द्रित गरेका छन् ।



www.picconsulting.com.au | facebook.com/picconsultingnp

STUDY IN AUSTRALIA
FREE SEMINAR
IN POKHARA

PACIFIC EDUCATION & VISA SERVICES is providing Support, Advice & FREE Information Session to anyone who decides to take big leap to study in Australia.

Why to attend PACIFIC FREE SEMINAR?
1) Help you sort through your future study options.
2) Students attending seminar are eligible to apply for scholarships for selected universities.

On the spot Eligibility Assessment
You may bring copy of Passport, IELTS result & Transcripts record

VENUE: Denny's Family Restaurant & Bar, Sabhagriha Chowk
DATE: Sat, 28 May 2016 | TIME: 11am - 4pm

PACIFIC
Education & Visa Services

REPRESENTING FROM AUSTRALIA
Bikash K.C. Director | Terence William Ralph BDM | Saroj Pandey BDM

For more details, please call us: 61 523313, 9846038875

साहित्य

मुक्तकहरु

अजय पारस/जनकपुर

१

अब त टाढा भएछु, मेरो नाम कस्ले पो गुन्छ होला,
मेरै निम्ती बनपाखामा न्याउली रुँदा कस्ले पो सुन्छ होला,
मैले देख्ने सपना र रहरहरू असीमित नै भएछन क्यारे,
मेरो गन्तब्यको चुली सगरमाथा भ्रैं कहिले हुन्छ होला।

२

हुन्थ्यो होला अर्को संसार आकश ले भुईं छुदा,
असम्भवहरू मात्र थोपरिन्छन प्राणी नीरिह हुदा,
यो संसारनै असम्भवको पोका हो त, निरिहको लागी ?
बुझ्ने सुन्ने कोही हुन्नन नीरिह प्राणी यहाँ रुँदा॥

३

आज मेरो देश स्वीजरल्यण्ड भ्रै सजाउनेहरू
भ्रुठो आस्वसनमा हैकम यहाँ चलाउनेहरू,
अभ्रै पनि यहाँ बर्दी पहिरिएर घुमी रैछन
आस्वसनको पोका फ्याँकी जनता उल्लु बनाउनेहरू॥

४

आफ्नो लागी यहाँ जनता बोल्न पनि डराउँछन,
आँखा भरी अन्याय बोकी मन भित्र कराँउछन,
बाहिर बोल्न नसक्नेले सहनै पर्छ अन्याय त,
जति मान्छे चुप बस्यो, शोषक भ्रनै पाप गराँउछन।

५

गरीब मुलुक हाम्रो नेपाल, गरीब नै अटाउछन यहाँ
शोषक अनि महाजनहरू गरीब चुसी मोटाउछन यहाँ,
तन्त्रै तन्त्र आईरहन्छ यहाँ रुप धारण गरी गरी
जे तन्त्र आएपनि गरीबलाई धुलो चटाउछन यहाँ॥

प्रभा आचार्य/झापा

तिमीसँग अलिकति हाँसो मिसाउँदैछु
तिमीसँगै जिन्दगीको भारी बिसाउँदैछु
मेरो हजुर भावनाको कदर गर्दिनु है
तिम्रै साथले जलेको यो मुटु चिसाउँदैछु ॥

तिमी मेरो आफ्नै हौ र त,गाली गर्छु म
तिमी मेरो ढुक्ढुकी हौ,तिमीबिना मर्छु म
जब पिरोलिँन्छौ तिमी मुटु दुख्छ मेरो
त्यसैले त,आसुँ बनी आँखाबाट झर्छु म ॥

बचनले जति पोल्छ आगोले नपोल्ला त्यति
पराईको सामु सायद् मनले नबोल्ला त्यति
जे छौ तिमी नै छौ मेरो संसार भन्नु
भर परि अरुमा मनले व्यथा नखोल्ला त्यति ॥

रिसराग त्यागेर अधरमा हाँसो छर
अहमतालाई नाँसेर नजरमा आशा भर
दुई दिनको लागी आएका छौं साथी
आडम्बर र अहंकारलाई नास गर ॥
बसन्त ऋतु जग्मगाइ दिन्छ हरियाली पाएर
बिरुवा पनि मौलाउँन थाल्छ वसन्ति छाएर
प्रकृती हेर लजाउँन थाल्छे मुसुक्क मुस्काइ
फूलको यौवन लोलाउँन थाल्छ बैंश त्यो आएर ॥

आजको पञ्चाङ्ग

मिति २०७३ साल जेष्ठ ७ गते शुक्रबार, तदनुसार मइ २० सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार वैशाखशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज वैशाखशुक्लपक्षको चतुर्दशी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृष राशिमा,चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३३ घटि ४० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २१ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ४५ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।
वृष : यशकृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ ।
मिथुन : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला ।
कर्कट : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।
सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।
कन्या : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।
तुला : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।
वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।
धनु : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्रटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।
मकर : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।
कुम्भ : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।
मीन : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना

कहाँ गए होलन् ती कवि?

प्रकाश सायमी

समय उब्रिएछ भने
म तिमीलाई माया गरुँला...

यस्तै शीर्षकको कविता पढेर अशेष मल्लले काठमाडौंको मञ्चमा ख्याति कमाएका थिए। कयौं कयौंपटक यो कविता उनले मञ्चमा वाचन गरेका छन्, कयौंपटक रेडियोबाट पनि बजेका छन्। दर्शकको दिल दिमागमा त अँझै बजिरहेकै होला, घरिघरि।

यस्तो कविता लेख्ने कवि अशेष मल्ललेपछि कविता लेख्नै छोडे र उनी बढी रंगकर्मतिर बढी होमिए।

अब यो धरतीमा आइमाईको आवश्यकता छैन...

यो शीर्षकको कविता पढेर काठमाडौंको काव्य मञ्चमा जमेका जीवन आचार्यलाई 'लेऊ, च्याउ र खिया' पछि दर्शकजनले सुन्न पाएनन्। जीवनको वाचन र मञ्चमा उपस्थितिको प्रभाव जोडदार थियो।

उनी हल सम्हाल्न सक्ने क्षमता राख्थे। पछि उनलाई चित्रकलाको संसारले खाइदियो। बिस्तारै उनी कवि कम चित्रकार बढी हुँदै गए, अनि बिस्तारै कार्टुनिस्ट। पछि डिजाइन राइटर हुँदै गए। उनी कवितामाभन्दा बढी पछि 'अर्थात्' नामक स्तम्भमा लोकप्रिय भए। किशोर नेपालले सम्पादन गरेको देशान्तरमा आचार्यको अर्थात् निकै लोकप्रिय स्तम्भ थियो। भाषामा अर्थ बचाउने र मानवीय स्थितिको सरलीकरणहरूको विरोध गर्ने काममा यो स्तम्भले तगडा वकालती गरेको थियो, विवाद र असमझदारीको पक्षलाई छोडेरा 'अर्थात' नाउँ नै लोकप्रिय मानिएको यो स्तम्भ त्यसभन्दा पहिले लामो समय हिन्दी दैनिक 'जनसत्ता'मा अर्थात् शीर्षकमै रघुवीर सहायले चलाइसकेका थिए। कुनै समय 'दिनमान'मा सम्पादक भइसकेका सहाय किशोर नेपालका पत्रकारिताका गुरु नै मानिन्थे। यो शीर्षक उनले गुरूबाट दक्षिणाका रूपमा नै लिएका हुनुपर्छ।१९९० डिसेम्बर ३०मा देहान्त भएका सहाय कवि पनि हुन्, उनको कविताकृति 'हँसो हँसो जल्दी हँसो' (१९७५), 'लोग भूल गये है' (१९८२) र 'कुछ पते कुछ चिठ्टीयाँ' (१९८९)मा प्रकाशित भएका छन्। सहायको त्यतिबेलाको लोकतन्त्र शीर्षकको कविता आज पनि सान्दर्भिक लाग्छ,

लोकतत्रको मजाक हुँदै गरेको देखेर
हेररिहेछन् एकदम बुढाहरू
कम उमेरका बुढा भन्छन् कि के यही हो लोकतन्त्र?
झन् धेरै कम बुढाहरू लोकतन्त्रसित घृणा गर्छन्
बाँकी सबैलाई एकअकासित घृणा छ

सहायक शिवमंगल सिंह सुमन, सर्वेश्वरदयाल सक्सेना, नरेन्द्र जैन, नेपाल र नेपालीलाई माया गर्ने कवि थिए। उनले अर्थात् मार्फत् ख्याति कमाए, यहाँ कवि जीवनलाई यही स्तम्भले चिनायो।

अशेष, जीवनजस्तै मञ्चमा कविता पढ्दा थर्काउन सक्ने अर्को होनहार कवि थिए, दिनेश सत्याल। जसको कविता 'भाटभटेनीहरू मलाई हात देऊ' सुनेपछि धेरै युवाले त्यसपछि कविता लेख्नै छोडिदिए। दिनेश सत्याल काठमाडौंमा सडक कविता क्रान्ति हुँदा वा मञ्चमा कविता पढ्दा वासु शशी, हरिभक्त कटुवालजस्तै ताली पाउने कवि थिए। उनलाई पछि पत्रकारिताको पेसाबाट कविलाई अलग्याइदियो र उनी कालान्तरमा सौरभ नामबाट स्तम्भकार भए, धेरैका मनपर्ने, धेरैलाई अति मन नपर्ने। सौरभ कवि र स्तम्भकार हुनुअघि सर्वाधिक कथाकारका रूपमा सर्वाधिक चर्चामा थिए। उनको कथाको क्राफ्टम्यानसिप फरक खालको थियो, धेरै फरक खालको। दिनेश सत्यालको निकथा (जसलाई उनले निबन्ध कथा नाम दिएका थिए)बाट सम्पादकहरू खुसी थिए तर पाठक?

दिनेशका कथा डायमन हरवरलाई मेरो सलाम, थाट, मृत्युघाट, तोप, अम्बरजस्ता कथामा त्यही शैली थियो, त्यतिबेला त्यस्तो कथा बुझ्ने र पढ्ने पाठकको अल्पताले गर्दा 'मधुपर्क'का सम्पादक नारायणबहादुर सिंहले उनलाई दोहोर्‍याएर छाप्न सायद सकेनन्। कथा लेखेर नै दिनेश सत्यालले अन्तर्राष्ट्रिय जगत्को पहिलो साहित्यिक पुरस्कार पाए, डोयेचेवयला पुरस्कार। कथा थियो, सीमावारि सीमापारि। नेपाली साहित्यमा अन्तर्राष्ट्रिय स्तरको यस्तो पुरस्कार पाउने पहिलो स्रष्टा थिए, दिनेश सत्याल। उनैलेपछि साहित्यबाट संन्यास लिए, म नयाँलाई स्पेस दिन चाहन्छु भन्दै। अहिलेका युवा पुस्ताका कथाकार कुमार नगरकोटीले उनको शैलीलाई पछ्याइरहेकोमा खुसी मान्नपर्छ, दिनेशको शैली अँझै जीवित नै छ। आजकालका युवा पाठक र पत्रकार झुमेका छन् यो शैलीमा। कथाकार दिनेश शंकर लामिछानेको कथा शिल्पको परिचय दिने व्यक्ति हुन्।

कविका रूपमा दिनेशको अन्त्य भएपछि कथाकारको रूपमा पनि उनले परित्याग गरे यो परिचय। उनको कवितावाचन शैली तीसको दशकको एक फेनोमेना नै थियो। कवि साहित्यकारको संगतबाट टाढिने रहरले साहित्य छोडेको उनले गत साताको एक भेटमा सुनाए।

दिनेश, अशेष, जीवनजस्तै कविता वाचनमा रोब र दबाब भएका अन्य दुई कवि हुन्, विमल कोइराला र मीनबहादुर विष्ट। विमललेपछि कविताभन्दा भाषण र गीत लेख्न थाले, एउटा उनको पेसा र अर्को उनको सौख भयो। गीतमा पनि उनी खास जम्न सकेनन्, 'हतियार' उनले गीत लेखेको पहिलो चलचित्र थियो भने उनले शक्तिवल्लभसित धेरै एल्बममा काम पनि गरे।

मीनबहादुर चाहेर पनि साहित्यमा फर्कन सकेनन्। उनका कविता समयका निम्ति धक्का थिए तर समयले उनलाई जागिरमै धकेलिदियो, शिक्षासेवामा उनका अधिकांश समय बित्यो।

मीनबहादुरको 'साला पहाड मैं क्या है होस' वा विमलको 'सिक्किम' कविता आज पढ्दा पनि वा उनको आवाजमा सुनेका श्रोतालाई सम्झिँदा पनि तरंग पैदा हुन्छ।

कविता साधनाको चीज रहेछ, शक्तिको होइन। बल गरेर कविता लेखेर नहुने रहेछ। लेख्दा खस्किन सक्ने र खस्किँदै जाने प्रशस्त प्रमाण भेटिएको छ।

विमल कोइरालाको 'मौन शिविरबाट' जति चर्चामा आयो तर पछिल्लो कृति उत्सव मनाउने तयारीमा कवितालेभन्दा डा. वासुदेव त्रिपाठीको भूमिकाले मात्र उचाल्यो। मीनबहादुर विष्टका कविता जनार्दन जोशी, कर्णाद् महर्षिका कविता जस्तै दुर्लभ भएर गए।

मीनबहादुरकै जस्तै वाचनशैली भएका अर्का जोडदार कवि थिए, कृष्णभूषण बल। उनलेपछिल्लो चरणमा कविता कम लेखेपछि पूर्वाञ्चलमा कविता लेख्ने एक जेनेरेसन तयार पारे, जसमा मनु मञ्जिल, सुमन पोखरेल, कुमुद अधिकारी, सविता गौतम दाहाल, ज्योति जंगल, हेमन यात्रीको नाउँ स्मरणमा आउँछ। कृष्णभूषण बलका समकालीन कविमा पूर्ण विराम र लव गाउँलेको पनि नाम आउँछ। लवका कविता अहिले कम हुँदै गएका छन् भने पूर्ण विरामले आफूलाई क्लोज अपमा राखेका छन्।

कविता लेखनजस्तै वाचनको शक्ति भएका अर्का कवि हुन्, दिनेश अधिकारी। अधिकारीको कविता भर्खरै हिन्दीमा अनुवाद गरेर निकाल्ने क्रममा अनुवादक गंगाप्रसाद अकेला र पंक्तिकार निकै सक्रिय भएका थियौं तर उनका यी कविता अब हिन्दी पाठकले पढ्ने सौभाग्य पाउने भए। कवि तुलसी दिवसपछि भारतको प्रकाशनले उनलाई बजारमा ल्याएको छ, कविताको दम र दम्भका वारेमा चर्चा पछि नै होला।

अहिले हिन्दीमा पनि सशक्त कविहरू विनोदकुमार शुक्ल, हेमन्त कुकेरती, राजेश जोशी, अरुण कमल, ज्ञानेन्द्रपति, विष्णु नागर, नरेन्द्र गौड, असद जैदी, दिनेशकुमार शुक्ल, बद्री नारायण, यतीन्द्र मिश्रको छवि कायमै छ। यिनकै भीडमा दिनेशको स्वागत कस्तो होला, हेर्न बाँकी छ।

कवि दिनेश अधिकारी कविता लेखनमा जस्तै वाचनमा पनि आफ्नै पहिचान राख्ने कवि हुन्, उनले आफ्ना कवितावाहेक हरिभक्त कटुवालको 'मलाई नसोध कहाँ दुख्छ घाउ'लाई पनि वाचन गरेर मञ्चप्रिय बनाएका छन्। कवितावाहेक गीतमा वर्चस्व भएका दिनेशले 'पर्खाल' नामक नाटक पनि लेखेका छन्। तर नाटकमा उनको स्थिति सही हुन सकेन। कविता वाचनको लयदार इतिहासमा भूपि शेरचन, तुलसी दिवस, हरिभक्त कटुवाल, वासु शशी, ईश्वरवल्लभले बनाएको धारालाई पछि दिनेशले अँझै मिठासपूर्ण बनाए। दिनेश अधिकारीका समकालीनमा कविता वाचनको तज्जन्य आकर्षण भएका कविमा अन्य धेरैले त्यो शैली र शिष्टतालाई निरन्तता दिँदै आए। विमल निभा, पुरुषोत्तम सुवेदी, श्यामल, हरि अधिकारीले पनि कवितालाई दर्शकप्रिय बनाएका छन्।

कविता वाचनको शैलीले कवितालाई लोकप्रिय बनाउनका निम्ति कविले मञ्चमा उभिने स्वभाव, शैली र दर्शकमैत्री हुन जरुरी छ। कविताको माध्यमबाट साहित्यिक वृत्तमा आएर पछि गीति साहित्यमा हराएका राजेन्द्र थापा, विश्वम्भर प्याकुर्‍याल, नगेन्द्र थापा, श्रीविक्रम राणा, गणेश रसिक, कालीप्रसाद रिजाललाई पनि यहाँ सम्झना गर्न सकिन्छ।

तर काठमाडौंको मञ्चमा कवितै पढेर ख्याति कमाएका र आफूलाई जमाएका कवि दुर्गालाल श्रेष्ठलाई पनि भूल्न सकिँदैन। हिन्दी कवि डा. हरिवंश राय वच्चनको लोकप्रिय कविताकृति 'मधुशाला'लाई नेवारीमा अनुवाद गर्ने पहिलो नेपालीका रूपमा परिचित कवि दुर्गालालको कवितावाचन अन्य कविकोभन्दा फरक अनि प्रभावशाली मानिन्छ अँझै पनि। कविता पढ्ने स्वर र शैली भएका अर्का एक कविमा हेमन्त श्रेष्ठको नाम पनि बिर्सन मिल्दैन। हेमन्त आफ्ना समकालीन विश्वविमोहन, सरुभक्त, गगन विरही आदिको भन्दा फरक शैलीको वाचन थियो। अभिनयमा पनि रुचि राख्ने हेमन्तले रेडियो नेपालको रसरंग कार्यक्रममा समेत कविता पढेर ख्याति कमाए भने गाईजात्रा महोत्सवमा कविता पढ्ने उनको शैलीलाई पछि सरुभक्तले पनि पछ्याए।

कवितामा महिला स्वरमा कुन्दन शर्मा, बानीरा गिरी, तोया गुरुङको समय अर्कै थियो। सीता पाण्डे र शारदा शर्माले कविता पढ्ने समय आइसक्दा मञ्चमा कविता एक कठिन पाठ भइसकेको थियो। कवितालाई लिएर संसारभर अनेक डिस्कोर्स भइरहेको बेला नेपालमा कवितावाचन एउटा क्षतिपूर्तिको माध्यमजस्तो मात्र थियो, जतिवेला भारतमा डा. हरिवंश राय बच्चनको कविता उनका पुत्र अमिताभ बच्चनले पढेर बच्चन रिसाइट्स् बच्चन नामबाट बिकिरहेको बेला हाम्रा कविहरू मात्र पढ्ने शैलीको विकास गर्दै थिए। सार्क राष्ट्रमा कवितावाचनमा पाकिस्तानका फैज अहमद फैज, अहदम फराज, फरहत शहजाद अनि भारतका कैफी आजमी, अलि सरदार जाफरी, जावेद अख्तरले कविता पाठलाई एक मुकाम बनाएको बेला हामीकहाँ बिनामाइक कविता पढ्नेको भीड तयारीमा थियो।

तीस र चालीस दशकको कवितावाचन गर्ने शैलीले कवितालाई ऊर्जाशील बनाएका कैयन् कविलाई पछ्याउँदै नयाँ कविले आज आफ्नो शैली बनाउँदै आएका छन्। तर कैयन् कविमा विदेशी कविताको शैली पनि ग्राह्य हुँदै गएको छ।

आजको कविले सुसम्पन्न श्रोता र उच्चस्तरको प्रविधि पाएको बेला कवितालाई अँझै सहज र पाठकप्रिय बनाउन जरुरी देखिन्छ। अहिलेका कविको कविता विदेशी अध्ययन र प्रभावले गर्दा नक्कलको धारमा परेको छ। केही वर्षअघि चितवनमा एउटा नयाँ कविताकृतिको विमोचनका क्रममा कार्यक्रमका विशेष अतिथि कवि प्रेमविनोद नन्दनले 'ओहो ! यी सबै कविताहरू त अक्टोभियो पाजको कवितामै पढे जस्तो लाग्यो'भन्दा विमोचित कृतिका स्रष्टा तर्सिएका थिए। टिप्पणीका क्रममा विशेष अतिथिले यतिसम्म भने, एकपटक यहाँले आफ्ना कवितालाई सच्याउनुपर्ला है। यो विडम्बना र पीडा आगामी कविमा नआओस् भन्ने चिन्ता छ। कविता आफ्नै जस्तो होस् पढ्दा डर नलागोस् कि अरूको कविता पो आफ्नो नाममा पढिरहेको छु कि भन्ने भ्रम नरहोस्।

स्रोत :अन्नपूर्ण पोष्टबाट

नगरपालिकाको पाइप काट्ने अभियान जारी

पोखरा ६ जेठ ।(गोल्डेन)

पोखरा उप-महानगरपालिका कार्यालयले मापदण्ड विपरित घरको छतबाट बर्षातको पानी बाहिर फाल्नेगरि जडान गरिएका पाइपहरु काट्ने क्रमलाई जारी राखेको छ । बर्षातको समय घरको छतबाट झरेको पानीले पैदलयात्रुलाई सास्ती हुने भएकाले उप-महानगरपालिकाले बुधबारदेखि पाइप काट्न शुरु गरेको थियो ।

उप-महानगरपालिकाले बुधवार पहिलो चरणमा पोखरा-४, सर्वेश्वर मार्ग र सिद्धार्थ मार्गका १५ वटा घरको ४४ वटा पाइप काटेको थियो । बिहीबार पोखराको वि.पि.मार्ग देखि सिदार्थचोकमा अवस्थित शालीकराम घिमिरेको घरका ४ वटा, तीर्थ श्रेष्ठको घरका ३ वटा, बिष्णु प्रसाद ढेवाजुको घरका २ वटा लगायत नारायण प्रसाद पराजुली, मीना गुरुङ, हेडम्ब पराजुली, इन्दिरा घिमिरे, तेज कुमार मल्ल, सुवर्ण कोइराला, केशब प्रसाद श्रेष्ठ, गोकर्णलाल श्रेष्ठ, सुन बहादुर पुन, इन्दु लिगल गरि १२ वटा घरको कुल २५ वटा पाइप काटेको उप-महानगरपालिकाले जनाएको छ । साथै, बर्षातको समय घरको छतबाट झरेको पानीले पैदलयात्रु बटुवालाई सास्ती हुने भएकाले तत्काल त्यस्ता पाइपहरु घरधनी आँफैले हटाउन उप-महानगरपालिकाले अनुरोध समेत गरेको छ । अन्यथा, स्थानिय स्वायत्त शासन ऐन अनुरुप कार्वाही प्रक्रिया अगाडि बढाउने सुरक्षा तथा निरीक्षण महाशाखा प्रमुख बसन्त चालिसेले बताए ।

उप-महानगरपालिकाले छतका पाइप काट्ने कार्य निरन्तर जारी रहने बताएको छ । पहिलो चरण अन्तर्गत शहरका मुख्य मार्ग एवम् चोकहरुमा पाइप काटिनेछन् । पोखराको महेन्द्रपुल, नयाँबजार, न्यूरोड, सिदार्थचोक, पृथ्वीचोक, सभागृहचोक, सृजनाचोक, नाकढुङ्गा लगायतका स्थानमा मापदण्ड विपरित छतमा जडान गरिएका पाइप उप-महानगरपालिकाले काट्नेछ । अन्य भित्री गल्लीहरुमा समेत अनुगमन र गुनासोको आधारमा प्राप्त सूचना अनुसार पाइप काटिने बताइन्छ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

लेखनाथमा...

कार्यालय सञ्चालनमा आएपछि पोखरा स्थित जिल्ला प्रशासन कार्यालयमा सेवाग्रहीको चाप कम हुने विश्वास लिइएको छ ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मी प्रसाद त्रिपाठीले उद्योग वाणिज्य संघको लामो प्रयासपछि ईलाका प्रशासन कार्यालय स्थापना गर्न सफल भएको बताए । उनका अनुसार उद्योग वाणिज्य संघको अगुवाईमा तीन बर्ष अघिनै लेखनाथमा सरकारी कार्यालयको सम्पर्क कार्यालय खोल्न लेखनाथ सहित आसपासका गाविसका प्रतिनिधिहरुले सुझाव दिएका थिए । 'उद्योग वाणिज्य संघको लामो प्रयासमा ईलाका प्रशासन कार्यालय स्थापना भएको हो', त्रिपाठीले भने- 'अन्य सरकारी कार्यालयको सेवा केन्द्रपनि हुनुपर्छ भन्ने हाम्रो माग हो ।' सम्पर्क कार्यालय स्थापनाका लागि जिल्ला नापी कार्यालय र मालपोत कार्यालयले समेत केन्द्रमा सिफारिस गरिसकेको उनले बताए । नेपाली कांग्रेस लेखनाथ नगर सभापति राजेन्द्रमणि लामिछानेले ईलाका प्रशासन कार्यालय स्थापना पछि आसपासका नागरिकले सहज सेवा पाउने बताए । उनले कार्यालयमा पायक पर्ने गाविसलाई समेटेर सबैको सहमतिमा कार्यक्षेत्र तोक्ने बताए । उनका अनुसार लेखनाथसहित देउराली, सिद्ध, थुम्की, हंशपुर, माझठाना, कालिका र रुपाकोट गाविसलाई कार्यक्षेत्र बनाउने गरी छलफल हुदैछ । स्थानीय प्रशासनको समन्वयमा छिट्टै सर्वपक्षीय बैठक बसेर कार्यक्षेत्र निर्धारण गर्ने र सेवा सुरु हुने उनले बताए । राजनीतिक दलको तर्फबाट अन्य सरकारी कार्यालयको सेवा केन्द्रपनि लेखनाथमा स्थापना गर्न पहल गर्ने उनले बताए ।

खुशीको खबर ! खुशीको खबर !!
के तपाइँ प्लाष्टिक झोलाहरुको विकल्पमा वातावरणमैत्री झोलाहरुको खोजीमा हुनुहुन्छ ?
आउनुहोस् हामीसंग छ यसको विकल्प ।
सम्पर्क वातावरणमैत्री बुद्ध फेब्रिक व्याग उद्योग
पोखरा-४, रामकृष्णटोल, सिद्धार्थचोक भन्दा केही घर माथि (गोपालजी मन्दिरको आडमा) फोन : ०६१-५४१३४७
मोवाइल : ९८५६०२१५१८, ९८५६०१८५१८

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. ५, बस्ने बुद्धिराज अधिकारीकी श्रीमती लक्ष्मी अधिकारीको नाममा रहेको साविक कन्धनीडाँडा ६ को कित्ता नं. १७४२ क्षेत्रफल ०-५-०-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर पूर्व र दक्षिणतर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
१७४२	१७३४	१००२४	बाटो	७७१

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १, बस्ने जितबहादुर थापा मगरकी श्रीमती मनरुपा थापा मगरको नाममा रहेको साविक शिशुवा २ को कित्ता नं. ९००१ क्षेत्रफल ०-८-३-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर पश्चिम तर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
९००१	नहर	९००२	बाटो	४७१५

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

धादिङको नागेश्वरी प्राविको भवन पुनर्निमाण

पोखरा ६ जेठ ।(गोल्डेन)

गत वैशाखको महाभूकम्पले धादिङ्ग, नलाङ-६, बुङचुङस्थित नागेश्वरी प्राविको भवन भत्काइदियो । शनिबारको दिन भएकाले भौतिक क्षति भएपनि मानवीय क्षति भने हुन पाएन । आँफू पढ्ने/पढाउने गरेको विद्यालय भत्किएको अवस्थामा देख्दा विद्यार्थी तथा शिक्षकहरुमा ठूलो चोट पुग्ने गयो । त्यस्तो अवस्थामा रहेको विद्यालयमा फेरी पढाई होला वा नहोला भन्ने चिन्तामा थिए उनीहरु । तर वर्षदिन पनि नबित्दै विद्यालयको स्वरुप फेरियो । भत्किएको विद्यालको पुन:निर्माण भयो । र फेरी विद्यार्थीहरु आफ्नैं विद्यालयमा आए पढ्न । भूकम्पले दिएको आँसुमा खुशी मिसियो । पोखराको लेकसाइडमा रहेको बिजीबि क्याफेले उक्त विद्यालय भवनको पुन:निर्माण गरेको हो । भत्किएको गाह्रो उठाउने, ट्रष्ट लगाउने र जस्ताले छाउने कार्य सम्पन्न भएपछि भत्किएको विद्यालयको रुपै फेरिएको हो । पुर्ननिर्माण कार्यमा झण्डै साढे ४ लाख खर्च लागेको बुधबार विद्यालय प्राङ्गणमा सहयोगीहरुको स्वागतार्थ आयोजित कार्यक्रममा क्याफे सञ्चालक योगेश भट्टराईले जानकारी दिए । सो अवसरमा क्याफे सञ्चालकहरु सुनिल भट्टराई, सरोज भट्टराई, बसन्त महत लगायतलाई विद्यालयले सम्मानपत्र प्रदान गर्दै धन्यबाद ज्ञापन गर्‍यो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बुद्ध घलेले बिजीबि क्याफेले सहयोग नगरेको भए विद्यालयको यो दिन फिर्न गाह्रो अवस्था रहने औल्याए । त्यस्तै, विद्यालयका प्राचार्य सीताराम न्यौपानेले भूकम्पपछि झण्डै चार महिना खुल्ला आकाशमुनि पुगेका विद्यार्थी शिक्षकहरुलाई पुन:छानामुनि ल्याउन सहयोग गरेको भन्दै धन्यवाद ज्ञापन गरे । साथै उनले कार्य व्यस्थताका कारण कार्यक्रममा अनुपस्थित बिजीबि क्याफेका अर्का सञ्चालक ज्याक तामाङ्गप्रति पनि आभार व्यक्त गरे । सोहि समारोहमा क्याफेले विद्यालयलाई झण्डै ५० हजार बराबरको शैक्षिक तथा खेलकुद सामग्री सहयोग प्रदान गरे ।

सामाग्री हस्तान्तरण गर्दै क्याफेका निर्देशक योगेश भट्टराईले व्यवसायिक सामाजिक उत्तरदायित्व सम्झिएर विद्यालय पुन:निर्माण कार्य गरेको जनाए । यसकार्यमा कुनैपनि विदेशी संघ-संस्थाबाट अर्थ संकलन नगरि यो नितान्त निजि क्षेत्रको कार्य भएको भट्टराईले उल्लेख गरे ।

सो कार्यमा संयोजनकारी भूमिका निर्वाह गरेका हेल्पिङ्ग हयाण्ड्सका दिनेशकुमार थापालाई पनि उनले धन्यवाद दिए ।

शिशुवा कृषि सहकारीको दशौं वार्षिकोत्सव

पोखरा ६ जेठ ।(गोल्डेन)

शिशुवा कृषि सहकारी सस्था लेखनाथ-८ ले आफनो १०औं स्थापना दिवसको अवसर पारेर शिशुवामा रहेको शान्ति निमाविका विद्यार्थीहरुलाई पाष्ठ्य सामाग्री र झोला वितरण गरेको छ। संस्थाको बार्षिक कार्यक्रम अन्तर्गत सामाजिक उत्तरदायित्वलाई बहन गर्दै उक्त विद्यालयमा अध्यनरत एक सय पाँच जना विद्यार्थीहरुका लागि स्टेशनरी र झोला वितरण गरिएको हो । सहयोग सामाग्री हस्तान्तरण गर्दै सहकारी डिभिजन कार्यालय कास्कीका प्रशिक्षक बालकृष्ण सुवेदीले सहकारीले आर्थिक उपार्जनको साथमा स्थानीय तहमा सामाजिक विकासको क्षेत्रमा काम गर्दै उपभोक्ताको मन जित्न सक्नु पर्नेमा जोड दिए । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, लेखनाथ सहकारी मञ्चका उपाध्यक्ष सोमलाल कडेल,सस्थाका शिक्षा उप-समितिका संयोजक वामदेव जमरकटेल, शान्ति निमावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भवानीप्रसाद अधिकारी लगायतले विद्यार्थीहरुको शैक्षिक विकासमा सहकारीले अगाडि सारेको योजना प्रभावकारी र उपायोगी भएको बताएका थिए । संस्थाका अध्यक्ष कृष्णप्रसाद तिवारीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव नविनप्रसाद बाँस्तोलाले गरेका थिए भने उपाध्यक्ष विष्णुप्रसाद भण्डरीले गरेका थिए। यसैबीच सस्थाले स्थापनाको १०औं वर्षगाठको अवसर पारेर ३६५ दिनै सेवा र सन्ध्याकालीन सेवा समेत प्रवाह गरि शेयर सदस्य तथा ग्राहकहरुलाई थप सेवा प्रवाह गर्ने सस्थाका अध्यक्ष कृष्णप्रसाद तिवारीले उक्त अवसरमा घोषणा गरेका थिए।

चालिस लाखको स्वास्थ्य उपकरण प्रदान

बाग्लुङ ६ जेठ ।(गोल्डेन)

गलकोट समाज जापानले यहाँका १२ वटा स्वास्थ्य संस्थालाई रु ४० लाख बढीको स्वास्थ्य उपकरण र सामग्री प्रदान गरेको छ । हरिचौरस्थित गलकोट प्राथमिक स्वास्थ्य केन्द्रसहित अन्य ११ गाविसका स्वास्थ्य चौकीलाई गरी रु ४० लाख २८ हजारको उपकरण प्रदान गरेको हो । पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक डा तारानाथ पौडेल र गलकोट समाज जापानका अध्यक्ष हर्क थापाले ती उपकरण तथा सामग्री हस्तान्तरण गरे । जसमा गलकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई सबैभन्दा बढी रु २९ लाख २८ हजार मूल्य बराबरका उपकरण दिइएको छ । बाँकी गलकोटका ११ गाविसमा रहेका स्वास्थ्य चौकीलाई रु एक लाख मूल्यका स्वास्थ्य उपकरण र सामग्री प्रदान गरिएको समाजका अध्यक्ष थापाले जानकारी दिए । उपकरण पाउने स्वास्थ्य चौकीमा हटिया, मल्म, पाण्डवखानी, काँडेबास, रिघा, दुदिलाभाटी, नरेठाँटी, हिल, तारा, अर्गल र अमरभूमि रहेका छन् । विभिन्न २३ प्रकारका उपकरण प्रदान गरिएको समाजले जनाएको छ । जसमा (भिडियो एक्स-रे), (एक्स-रे, (इसिजी), (निबुलाइजर), (प्रसूति बेड) लगायतका उपकरण रहेका छन् । "जापानमा रहेका गलकोटेहरू को सहयोगले यो सम्भव भएको हो, आफ्नो आम्दानीको केही अंश कटाएर गाउँठाउँका लागि योगदान गर्न खोजेका हौँ" समाजका अध्यक्ष थापाले भने । समाजले गत अङ्ग्रेजी नयाँ वर्षमा जापानमा साङ्गीतिक कार्यक्रम राखेर स्वास्थ्य शिविर राख्न र उपकरण सहयोग गर्न आर्थिक सहायता जुटाएको थियो ।

गणतन्त्र मनाइने

पोखरा ६ जेठ ।(गोल्डेन)

गणतन्त्र दिवसलाई भव्यरुपमा मनाउन जिल्ला विकास समिति झापाका स्थानीय विकास अधिकारी खेमराज ओझाको सभापतित्वमा आज बसेको बैठकले विविध कार्यक्रम गर्ने निर्णय गरेको छ । स्थानीय विकास अधिकारी ओझाको संयोजकत्वमा बनेको मूल समारोह समितिमा त्यस जिल्लाका सांसद, राजनीतिक दलका प्रतिनिधि, कार्यालय प्रमुख, सञ्चारकर्मी सदस्य रहने छन् । समितिले जेठ १४, १५ र १६ गते सबै सरकारी कार्यालयमा दीपावली गर्ने निर्णय गर्नुका साथै सन्थाल नाच, विभिन्न स्थानमा फलफूल तथा खाद्यान्न वितरण र खेलकुद प्रतियोगिताको विजयीलाई पुरस्कार वितरण गरिने कार्यक्रम रहेको स्थानीय विकास अधिकारी ओझाले जानकारी दिए ।

अंग्रेजी हस्तलेखन

पोखरा ६ जेठ ।(गोल्डेन)

लेखनाथ नगरपालिका वडा नं. १२, खुदी-ढुङ्गेपाटन स्थित गोल्डेन नेचर उच्च माविमा अङ्ग्रेजी हस्तलेखन प्रतियोगिता सम्पन्न भयो । विद्यार्थीहरुमा हस्तलेखन कलामा थप सुधार गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा कक्षा एलकेजी र यूकेजीका विद्यार्थी छात्र-छात्राहरुको सहभागिता रहेको थियो । जस अन्तर्गत एल.के.जी.मा अभिलाशा सुबेदीले प्रथम स्थान प्राप्त गर्न सफल भइन भने कुसुम थापाले द्वितीय स्थान, प्रोमिश बुढाले तृतीय स्थान र अमरदीप बराल र श्रेया तिमिल्सेनाले सान्त्वना स्थान प्राप्त गर्न सफल भए। त्यसैगरी यूकेजीमा मनिषा श्रेष्ठले प्रथम स्थान, आयुष्मा खनालले द्वितीय स्थान, सोफिया पौडेल र सुप्रिया अधिकारीले तृतीय स्थान र सुमिना चापागाईले सान्त्वना स्थान प्राप्त गर्न सफल भए। कार्यक्रमको संयोजन शिक्षिकाहरू कृष्णा रानाभाट र कोपिला सुबेदीले गरेका थिए ।

निसान गाडीको पोखरामा एक्सचेन्ज अफर

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

जापानको ब्राण्ड भारत तथा थाईल्याण्डमा उत्पादन भएको निसान गाडीको पोखरामा बिहीबार देखि एक्सचेन्ज अफर सुरु भएको छ । निसान गाडीको पोखरा क्षेत्रको आधिकारीक विक्रेता पोखरा नयाँबजारमा रहेको विश्वकर्मा अटो मार्टले शनिबारसम्मको लागि गाडीका उपभोक्ताहरुलाइ लक्षित गरी एक्सचेन्ज (साटफेर) अफर ल्याएको हो। एक्सचेन्ज अफरमा कुनै पनि पुराना चार पाङग्रे सवारी साधनको उचित मूल्य दिइ निसानका कम्पनीका विभिन्न मोडलका गाडीहरु उपलब्ध गराइएको विश्वकर्मा अटो मार्टका प्रवन्ध निर्देशक शिव श्रेष्ठले बताए । पोखरा बजारमा एक दशक देखि निसान कम्पनीका गाडीहरु विक्रि गर्दै आएको उक्त मार्टले चल्ने कुनै पनि चार पाङग्रे सवारी साधनहरुको उचित मुल्य सहित नयाँ गाडी किन्दा विशेष छुट दिने भएको श्रेष्ठले जनाए ।

निसान माक्रा ३ मोडलमा बजारमा उपलब्ध गराएको छ भने निसान सन्नी, निसान नभारा, निसान उर्भान, निसान याक्स ट्रायल, निसान पट्रोल लगायतका मोडलका गाडीहरु पोखराको बजारमा मार्टले उपलब्ध गराएको हो ।

न्यूनतम २८ लाख ५० हजार मुल्य देखि एक करोड ५० लाख मुल्य बराबरका अत्याधुनिक सुविधा सम्पन्न आरामदायि गाडीहरु बजारमा ल्याएको प्रवन्ध निर्देशक श्रेष्ठले दाबी गरे । एक्सचेन्ज अफरमा प्रति गाडी किन्दा २ लाख भन्दा बढी छुट समेत दिने भएको उनले जनाए । उनले भने-'यसमा ठूला मोडलका गाडीमा अझ बढी छुट दिन सकिन्छ, एबी एस, ईबिडी, बिए, एयर व्याग लगायतका सुविधा भएकोले पोखरा क्षेत्रका उपभोक्ताहरुको यस गाडीले मन जित्दै आएको छ ।' उक्त गाडी किन्दा ४ पटक फ्रि सर्भिसिङ हुन्छ भने यस गाडीका पार्टसहरु सर्वसुलध रुपमा उपलब्ध हुने भएको श्रेष्ठले जनाए । व्यक्तिगत तथा घरयासी प्रयोजनको लागि अति सुविधा सम्पन्न निसानका गाडीहरु नेपाली बजारमा हाल २० देखि २५ प्रतिशत जसो बजार ओगटेको डुगर ब्रोदर्श एण्ड सन्सका सहायक महाप्रवन्धक शम्भु सुवेदीले बताए । उक्त गाडी सुरक्षाको दृष्टिले अन्य गाडी भन्दा अब्बल रहेको कम्पनीको दाबी छ । निसानका साना गाडीहरुले प्रतिलिटर २० किलोमिटरसम्म माईलेज दिने उनले बताए । यस उक्सचेन्ज अफरमा कम्तीमा १५ वटा गाडीहरु साटफेर तथा विक्री गर्ने लक्ष्यका साथ कार्यक्रम आयोजना गरीएको सुवेदीले जनाए ।

सूचना ! सूचना !! सूचना !!!

नेपालमा प्रत्येक वर्ष १५,००० भन्दा बढी मानिसहरुको धुम्रपान र सूर्तिजन्य पदार्थको सेवनबाट मृत्यु भइरहेको छ त्यसैले सुर्तिजन्य पदार्थ सेवन नगरौं। सूर्तिजन्य नियन्त्रण तथा नियमन निर्देशिका २०७१ अनुसार सार्वजनिक स्थानहरु स्थानहरु जस्तै : स्वास्थ्य संस्था, शिक्षण संस्था, सार्वजनिक सवारी, उद्योग तथा कलकारखाना, होटल, रेष्टुरेन्ट, चलचित्र हल, नाट्यशाला, खेलकूद क्षेत्र, डिपार्टमेन्टल स्टोर, मिनी मार्केट, धार्मिक स्थल, टिकट काउण्टर जस्ता धेरै मानिसहरु कार्य गर्ने र जम्मा हुने कुनैपनि सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ति सेवन गर्न नपाइने व्यवस्था गरेको छ। कसैले यस ऐन विपरित सार्वजनिक स्थलमा धुम्रपान वा सुर्तिसेवन गरेमा देहाय बमोजिम सजाय हुने व्यहोरा जानकारी गराइन्छ :

(क) धुम्रपान वा सुर्तिसेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक-पटक धुम्रपान वा सुर्तिसेवन गरेमा निजलाई सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा १०० रुपैयाँ जरिवाना वा दुवै सजाय हुने।

(ख) धुम्रपान वा सुर्तिसेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसंग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा वा सुर्तिसेवन गर्न तुरुन्त रोक लगाउने र पटक-पटक धुम्रपान वा सुर्तिसेवन गरेमा अनुशासन नरहेको सरह मानि निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीइ कार्वाही हुने।

त्यसैले हाम्रो अपिल : यदि तपाइँ आफ्नो परिवारलाई माया गर्नुहुन्छ भने आजैदेखि धुम्रपान र सुर्ति सेवन गर्न छोड्नुहोस्......।

जिल्ला जनस्वास्थ्य कार्यालय, कास्की

सुवर्ण अवसर ! सुवर्ण अवसर !!

नि:शुल्क जापानिज भाषाको कक्षा संचालन

के तपाई +२ पढ्दै हुनुहुन्छ वा +२ को परीक्षा सकाएर बस्नु भएको छ ? आफ्नो उच्च शिक्षाका लागि जापानलाई गन्तव्य बनाउन चाहनुहुन्छ ? नि:शुल्क जापानिज भाषाका कक्षाहरु धमाधम संचालन भइरहेको छ । आजै सम्पर्क गरि जापानिज भाषामा दखखल बनौं ।

सम्पर्क
JLCC
Japanese Language & Culture Center
चिप्लेढुङ्गा, पोखरा (पोखरा ट्रेडमलको ठीक अगाडि)
फोन : ०६१-५३५७३८, ९८४६०४२३९९

पोखरामा पहिलो पटक

- यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, नितम्ब कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेनकिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

चावी घर
सिह्रडी चोक पोखरा फोन ०६१-५२५१२०
९८५६०२५४८० ९८०४११३२५१
हामी कहाँ: हरेक प्रकारका तालाको चावी, डुप्लिकेटिङ, रिपेयरिङ, होम सर्भिस र बन्द रहेका सबै किसिमको दराज, लक, ढोका, गाडी, मोटरसाईकल, पोस्टबक्स, टेबल [illegible] सुटकेस, नम्बर चावी, सेक्यूरिटी लक आदी बन्द भएमा होम सर्भिसको व्यवस्था छ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पित्तास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको
सुवर्ण अवसर
Abudhabi को **Spark Middle East Star Skill Force, UAE** को **DPS**, [illegible] **Group-4**, [illegible] **Diplomatic** [illegible]

[illegible]
- [illegible]
- DPS / PSBD का Objective Questions answer को [illegible] Question Answer को [illegible]

तयारी कक्षा धमाधम

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
[illegible]

के तपाइँ F.M. मा काम गर्न चाहनुहुन्छ ?
अथवा कुनैपनि कार्यक्रममा ढुक्क भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व नेतृत्व विकास गर्न चाहनुहुन्छ ?
कि तपाइँ बोलेर अरुलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले थुप्रै F.M. मा काम गरिसकेका छन् । अब तपाइँको व्यक्तित्व नेतृत्व विकास गराउन र सक्षम एवं सफल संचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिइँदै छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्। सीट सीमित छ।

प्रशिक्षकहरु : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका थुप्रै अनुभवी संचारकर्मीहरु ।

हाम्रा सेवाहरु
तालिम लिंदा नृत्य/कम्प्युटर कोर्ष सित्तैमा
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ सक्षम बनाइने ।

कक्षा संचालन भइरहेको छ।
RJ MC
क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
न्यूरोड, (भाटभटेनी अगाडि), ९८४६०२४७५०, ९८१५१२४७५०
केही समयका लागि विशेष छुटको व्यवस्था छ ।

सुर्तिजन्य पदार्थ विक्री गरेमा विद्यालयलाई कार्वाही

पोखरा ६ जेठ ।

जिल्ला शिक्षा कार्यालय कास्कीले विद्यालय वरिपरी क्षेत्रमा सुर्तिजन्य पदार्थ विक्री वितरणमा रोक लगाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई आग्रह गरेको छ । विद्यालय परिसरमा सुर्तिजन्य पदार्थका विक्री वितरणले लागू औषधको जोखिममा विद्यालय बालबालिका पर्ने भन्दै जिल्ला शिक्षा कार्यालय कास्कीले विक्री वितरणमा रोक लगाउन परिपत्र गरेको हो । 'बालबालिका जन्म दिने बावुआमा र राज्यका मात्रै होईनन् । सामुदायका पनि हुन्' जिल्ला शिक्षा कार्यालय कास्कीका जिशिअ रमाकान्त शर्माले भने–'त्यसैले बालबालिकालाई जोखिमबाट बचाउन सुर्तिजन्य पदार्थको विक्री वितरण विद्यालय वरिपरी हुनुहुँदैन् ।' जिशिअ शर्माले बालबालिकालाई जोखिमबाट बचाउने, स्वाथ्यको संरक्षण गर्ने, उपयुक्त विकास गराउने दायित्व समुदायको भएको उल्लेख गरे ।

'सुर्तिजन्य पदार्थबाट बालबालिकालाई टाढै राख्नु आमावुवाको र राज्यको मात्रै दायित्व होईन्' उनले भने-'सामुदाय पनि सचेत बन्न सके बालबालिका कुलत सँस्कारको जोखिमबाट मुक्त हुने छन्।' जिल्ला शिक्षा कार्यालयका अनुसार कास्कीका केही विद्यालय हाता नजिकै गेटमा तथा विद्यार्थीको पहुँच हुने स्थानमा सुर्तिजन्य पदार्थको बेचविखन भईरहेकोप्रति आपत्ति जनाउँदै आएको छ ।

'विद्यार्थीलाई सुर्तिन्जय पदार्थहरु विक्री वितरण गरिएको गुनासो आएको छ । त्यसलाई रोक्नुपर्ने दायित्व विद्यालयसँगै समाजको पनि दायित्व हो ।' उनले भने-'त्यसैले विद्यालय वरिपरी सुर्तिजन्य पदार्थ विक्री वितरणमा रोक लगाउन जिल्ला प्रशासन कार्यलय कास्कीलाई परिपत्र गरेका हौं ।' विद्यालय पोशाक लगाएका विद्यार्थीलाई समेत सुर्तिजन्य पदार्थ विक्री वितरण हुदैं गएको घटनाले पनि जिल्ला शिक्षा कार्यालयले बाध्य भएर परिपत्र गर्नुपर्ने अवस्था सृजना भएको हो । विद्यालय हाता नजिक विद्यालय गेट नजिक, केवल, सटर पसलहरुमा र विद्यालय उमेरका तथा विद्यालय पोशाकका विद्यार्थीलाई जुनसुकै स्थानमा स्वास्थ्यमा हानी पुऱ्याउने लागु पदार्थ मध्यपान, धुम्रपान, विडी सुर्ती, खैनी, चुरोट लगायनका सामाग्री विक्री वितरण गर्नु कानूनी रुपमा अपराध र सामाजिक रुपमा समाज विरोधी कार्य भएको जनाउँदै जिल्ला शिक्षा कार्यालय कास्कीले त्यस्ता कार्य नगर्न सरोकारवाला निकायलाई अनुरोधसहित विक्री वितरणमा रोक लगाउन पत्रचार गरेको जनाएको छ ।

स्वयं यस विषयमा विद्यालय व्यवस्थापन समितिले पनि ध्यान दिनुपर्ने खाँचो जिल्ला शिक्षा कार्यालय कास्कीले औंल्याएको छ । सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन २०६८ सुर्तिजन्य पदार्थी नियन्त्रण र नियमन गर्ने नियमावली २०६८ले सार्वजनिक स्थानमा सुर्तिजन्य पदार्थ बेच विखन गर्ने कार्यलाई निषेध गरेको छ । कतिपय विद्यालयले भाडामा लगाएको कम्पाउण्डसँग जोडिएको पसलहरुमा समेत सुर्तिजन्य पदार्थको विक्री वितरणले बालबालिकाको स्वास्थ्यमा गम्भीर असर परेको ठम्याई जिल्ला शिक्षा कार्यालय कास्कीले गरेको छ । जिल्ला शिक्षा कार्यालय कास्कीका जिशिअ शर्माले विद्यालय हाता र कम्पाउण्डमा त्यस्ता सुर्तिजन्य पदार्थ विक्री वितरण गरेको पाइएमा त्यस्ता विद्यालयलाई कारवाही समेत गरिने स्पष्ट पारेका छन् । एजेन्सी

शान्ति निकेतन स्कूलमा केएमआइको क्याम्प

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ जेठ ।

पोखरा उप-महानगरपालिका वडा नं ५ पर्स्याङस्थित शान्ति निकेतन स्कूलमा कार्स मेन्टरशिप इनिसिएटिभ (केएमआइ) क्याम्प बिहीबार सम्पन्न भयो । अमेरिकाको ड्युक विश्वविद्यालयको सहकार्य र शान्ति निकेतन स्कूलको आयोजनामा सोमबारदेखि उक्त क्याम्प शुरु भएको थियो । केएमआइले नेपालको विभिन्न विद्यालयहरुका यस्तो कार्यक्रम गर्दै आएको छ । विद्यार्थीहरुमा व्यक्तित्व र नेतृत्व क्षमता विकास गर्नका लागि उक्त कार्यक्रम आयोजना गरिएको हो । गतवर्षहरुको प्रवेशिका परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको मूल्याङ्कन गर्दै अन्तर्राष्ट्रिय संस्था केएमआइले उक्त क्याम्प आयोजना गरेको प्रशिक्षक हेनरी युनले बताए ।

क्याम्पमा शान्ति निकेतन स्कूलमा अध्ययनरत ९ र १० विद्यार्थीलाई प्रशिक्षक हेनरी युनले अमेरिकाको अध्ययन विधि, समूहमा काम गर्ने बानीको विकास, कसरी आत्मविश्वासी बन्दै अघि बढ्ने लगायतका बारेमा प्रशिक्षण दिएका थिए। प्रशिक्षणमा ड्युक विश्वविद्यालयका मारिया सुहेल, लक्ष्मी रजकले सहजीकरण गरेका थिए । क्याम्पको समापन कार्यक्रममा बोल्दै एसओएस हर्मन माइनर पूर्व प्रअ र एसभिएम स्कूल भक्तपुरका प्रअ शंकर पौडेलले केएमआइले पोखराको शान्ति निकेतनमा कार्यक्रम आयोजना गरि पोखरा-अमेरिकाबीचको सम्बन्धलाई थप प्रगाढ बनाएको बताए । कार्यक्रममा एसओएस हर्मन माइनर स्कूल भक्तपुरका प्रधानाध्यापक विनोद बरालले क्याम्पले विद्यार्थीमा थप आत्मविश्वास बढ्ने दावी गरे ।

कार्यक्रममा शान्ति निकेतनका प्राचार्य महेश्वर पराजुलीले अमेरिकाको ड्युक विश्वविद्यालयले आफ्नो विद्यालयमा क्याम्प आयोजना गरेकोमा धन्यवाद ज्ञापन गरे । उनले क्याम्प संचालन गरेपछि आफ्ना विद्यार्थीहरुमा अमेरिकाको केही ज्ञानहरु थपिएको भन्दै यसले विद्यार्थीको वौद्धिक क्षमता बढ्ने स्पष्ट पारे । समापन कार्यक्रममा केएमआइका प्रशिक्षक हेनरी युन, सहजकर्ता लक्ष्मी रजक, शान्ति निकेतनका शैक्षिक प्रमुख यदुविलास भुर्त्याल र प्रशिक्षार्थीको तर्फबाट कक्षा ९ की छात्रा जागृती कोइरालाल लगायतले क्याम्पको बारेमा आ-आफ्नो भनाइ राखेका थिए ।

उक्त अवसरमा प्रशिक्षार्थीहरुलाई केएमआइले प्रमाणपत्र र विद्यालयले प्रशिक्षक युन, सहजकर्ता रजक र मारियालाई मायाको चिनोले सम्मान गरिएको विद्यालयका संचार संयोजक हेम सुवेदीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

प्रेस चौतारीको अध्यक्षमा बस्नेत

पोखरा ६ जेठ ।(गोल्डेन)

प्रेस चौतारी नेपालको आठौं महाधिवेशनले अध्यक्षमा चौतारीका सल्लाहकार गणेश बस्नेतलाई सर्वसम्मतिले चयन गरेको छ । त्यस्तै वरिष्ठ उपाध्यक्षमा माधव नेपाल, महिला उपाध्यक्षमा टीका विष्ट, समावेशी उपाध्यक्षमा सइन्द्र राई, प्रदेश नं १ उपाध्यक्षमा लीलाराज भट्टराई, २ मा लालबाबु शेष, ३ मा विश्वमणि सुवेदी, ४ मा गणेश पाण्डे, ५ मा सविन प्रियासन चौधरी, ६ मा वीरबहादुर गिरी र ७ मा नरेन्द्र साउद रहेका छन् । चौतारीका महासचिवमा राजेश राई तथा उपमहासचिवमा रामकुमार एलन र हिरामान लामा निर्वाचित भएको घोषणा नेकपा एमालेका सचिव योगेश भट्टराईले गरे । यसैगरी खुला सचिवमा भरत केसी, अमृतनाथ तिमिल्सिना, रामकृष्ण शर्मा र सुरोजङ्ग पाण्डे, मधेसी सचिवमा भउचप्रसाद यादव, जनजाति सचिवमा देविका घर्ती मगर र दलित सचिवमा हेमकर्ण विक चुनिएका छन् । कोषाध्यक्षमा इन्द्र आचार्य तथा लेखा र अनुशासन आयोगका संयोजकमा क्रमशः विक्रम लुइँटेल र जे पाण्डे घोषित भए। बाँकी सदस्यको निर्वाचन प्रक्रिया शुक्रबार बिहान सुरु हुने निर्वाचन समितिका संयोजक तीर्थ कोइरालाले जानकारी दिए ।

महिला र बालबालिका हराउने क्रम बढ्दै

चितवन ६ जेठ ।(गोल्डेन)

जिल्लामा विगत पाँच वर्षमा एक हजार ३१४ जना हराएका छन् । जसमा सवैभन्दा बढी महिला रहेका छन् । महिला ७५४ जना छन् भने ४४५ जना बालबालिका र पुरुष ११५ जना रहेका छन् । जसमध्ये हालसम्म ४१५ जना भेटिएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । जिल्ला प्रहरी कार्यालय चितवनको महिला तथा बालबालिका कक्षमा रहेको पञ्चवर्षे तालिकालाई हेर्दा आर्थिक वर्ष २०६८/०६९ देखि हालसम्म चितवनमा हराएपछि भेटिएकामध्ये महिला २२३, बालबालिका १६१ र पुरुष ३१ जना रहेका छन् । चितवनका प्रहरी प्रमुख वसन्तबहादुर कुँवरका अनुसार बालबालिका र महिलालाई मानव ओसारपसार र घरेलु कामदारका रुपमा बढी प्रयोग गर्ने भएकाले उनीहरू धेरै हराएका हुन् ।

विशेषतः समाजमा व्याप्त रहेको छोराछोरीको विभेद र भेटिएको जानकारी नआउनुले मुख्य समस्या बनेको उनले बताए । महिला र बालबालिकामा चेनताको वृद्धि हुन नसकेका कारण यसलाई न्यूनीकरण गर्न नसकिएको कुँवरले बताए । कार्यालयका अनुसार चितवनमा चालु आवको १० महिनामा २१० जना हराएका छन् ।

निजामती कर्मचारी संगठनबीच एकीकरण

पोखरा ६ जेठ ।

नेपाल निजामती कर्मचारी संगठन कास्कीमा राष्ट्रियस्तरका २ ट्रेड युनियनहरु नेपाल राष्ट्र सेवक कर्मचारी संगठन कास्की र नेपाल राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र कास्कीको एकीकरण भएको छ । यसअघि केन्द्रमा पनि २ संगठनबीच नेपाल निजामती कर्मचारी संगठनमा आबद्ध भैसकेका छन् । आधिकारिक ट्रेड युनियनको निर्वाचन जेठ १९ गतेलाई तय भएपछि संगठनको पहलमा २ राष्ट्रियस्तरका ट्रेड युनियनले संगठनको पक्षमा मतदान गरी अत्याधिक बहुमतले विजयी बनाउँदै विगतदेखिको सर्वश्रेष्ठता लाई निरन्तरता दिने र आफ्ना हकहितको सुनिश्चित गराउन सक्ने पेसागत क्षेत्रको अग्रणी संगठन नेपाल निजामती कर्मचारी संगठनमात्र रहेको निष्कर्ष सहित संगठनमा समाहित भएको घोषणा गरिएको हो ।संगठन, कास्कीको बुधबार बसेको ३८ औं बैठकबाट एकीकरण भै आएका ट्रेड युनियनहरुको अध्यक्षहरु क्रमशः त्रिलोचन गौतम र ध्रुवराज पौडेललाई संगठन उपाध्यक्षमा मनोनयन गरी जिम्मेवारीसमेत दिइएको छ ।

एकीकरण पछि आगामी निर्वाचनमा संगठनको जीत अत्याधिक बहुमतले सुनिश्चित भएको संगठनका जिल्ला सचिव भरत प्रसाद भुसालले दाबी गरे । उक्त बैठकले निर्वाचनमा अत्याधिक बहुमत ल्याउन कास्की जिल्लास्थित कार्यालयमा कार्यरत कर्मचारीहरुमा संगठनको पक्षमा मतदान गर्न प्रचारको लागि थप कार्यक्रमसहित अघि बढ्ने निर्णय गरेको उनले बताए ।

संगठनले आगामी आ.व. २०७३/०७४ को बजेटमार्फत कर्मचारीको सेवा सुविधामा उल्लेख्य बृद्धि गर्न केन्द्रीय कार्य समिति मार्फत नेपाल सरकारलाई आग्रह गर्ने निर्णय समेत गरेको छ ।

माओवादी एकताः दुई पाइला पछाडि,एक पाइला अगाडि !

अरुण बराल

प्रचण्ड र बादल नेतृत्वका माओवादीवीच पार्टी एकता भइरहँदा बबरमहल आसपास गाडी र मानिसहरुको खचाखच भीड थियो । उत्साह लिएर कार्यक्रममा भाग लिन आएका माओवादी कार्यकर्तामा उत्साहसँगै उत्सुकता पनि थियो । पत्रकारलाई देख्नेवित्तिकै एकजना कार्यकर्ताले सोधिहाले-तपाईको विचारमा यो पार्टी एकताले अब के असर पार्ला ?

पार्टी एकता घोषणा कार्यक्रममा सहभागी केही कार्यकर्ताले ६९९ सदस्यीय जम्बो कमिटीप्रति असन्तोष जनाएको सुनियो । उनीहरु भन्दै थिए-'मणि थापासँग कति नेता होलान् ? पार्टीको नाम भन्न सक्ने तीनजना छन् रे, तर अब ती सबैजना पोलिटब्यूरो सदस्य बन्ने भए । मात्रिका यादवको पनि त्यस्तै हो ।'

चियापसल आसपास भेटिएका एमाओवादी कार्यकर्ताहरु मणि थापा, मात्रिका यादव र बादल समूहलाई हियाएर बोलिरहेका थिए । पार्टी फुटाएर उनीहरुले गल्ती गरेको र आज पार्टीमा विलय हुन बाध्य भएको उनीहरुको बुझाइ थियो । पार्टी एकता भएकोमा उनीहरु खुशी त देखिन्थे, तर पार्टी छाडेर जानेहरुलाई ६९९ सदस्यीय जम्बो टीममा समेट्ने निर्णयप्रति भने रोष देखिन्थ्यो । एमाओवादी नेता राम कार्कीले शायद ठीकै भनेका हुन् 'हामी फुटेर कमजोर भएका हैनौं, कमजोर भएर फुटेका हौं । प्रणाली नबनाई विवेकका आधारमा मात्रै चल्न थाल्यो भने त पार्टी बेलुन भएर फुट्छ । अहिले पार्टी हड्डीबाट छुट्टिएको मांसपेशीजस्तो छ । कम्युनिष्ट पार्टी त यसरी चल्दैन, एकदमै इन्ट्याक्ट रहनुपर्छ ।'

एक पाइला अगाडि, दुई पाइला पछाडि

लेनिनले प्रयोग गरेको शब्द हो-एक पाइला अगाडि, दुई पाइला पछाडि । अहिलेको माओवादी एकतालाई यसो भन्न सकिन्छ-यो दुई पाइला पछाडि गएपछि एक पाइला अगाडि सारिएको कदम हो । माओवादी एकता आफैंमा कुनै नयाँ उपलब्धि होइन, विगतमा भएको गल्ती सच्याइएको मात्रै हो । तर, गल्ती सच्याइए पनि गल्तीका कारण पुगेको क्षति भने पूर्णरुपमा परिपूरण हुन सकेको छैन । त्यसैले यो कदमले दुई पाइला पछाडिको क्षति परिपूरण गर्न बाँकी नै छ ।

एमाओवादी पार्टीमा आएको विभाजनका कारण पहिलो दल बनेको पार्टी तेस्रोमा खुम्चियो । फुटपछि धेरै कार्यकर्ताहरु पलायन भए । कति अरबको खाडीमा पुगेका छन् । देशमै भएका कार्यकर्तामा पनि निराशा र कुण्ठा बढेको छ ।

पार्टी फुटको फाइदा उठाउँदै कांग्रेस र एमालेले आफूलाई मजबुद पारेका छन् । माओवादी नेताहरुप्रति जनताको विश्वास र भरोसा गुमेको छ । यस्तो बेलामा ६९९ टाउकाहरुको एकताको घोषणा हुँदैमा माओवादीको पुनरुत्थान विगतकै तहमा हुन निकै गाह्रो छ । दोस्रो समस्या भनेको माओवादीभित्र पदीय झगडा र गुटबन्दी केन्द्रदेखि स्थानीय तहसम्मै छ । अहिले भएको पार्टी एकता गुटबन्दीको एकीकरण पनि हो । यो एकीकरणले गुटबन्दी घटाउने नभई बढाउने काम गरेको छ । अब माओवादी पार्टी गुटहरुको महासंघ बन्न पुगेको छ । यसले पार्टीलाई दिशाविहीन र कमजोर बनाउने खतरा बढाएको छ ।

तेस्रो, विचार र कार्यदिशाको हिसाबले पनि माओवादीभित्र ठूलो अन्तरविरोध छ । सरकारमा सहभागी केही माओवादी मन्त्रीहरु घुस र कमिसनका लिप्त रहेको चर्चा छ । घुस नखाने मन्त्रीहरु पनि प्रभावकारी भूमिकामा प्रस्तुत हुन सकेका छैनन् । बादल, मणि थापा र मात्रिका यादवहरु पार्टीलाई यही अवस्थामा सरकारमा राखिरहन र एमालेको छायाँ बनाउन चाहँदैनन् । मन्त्रीको स्वाद पाएकाहरु भने सहजै सिंहदरबार छाड्न चाहँदैनन् । यो दोहोरो स्वार्थको टकरावमा पार्टीको भावी यात्रा निकै चुनौतिपूर्ण देखिन्छ । सबैभन्दा ठूलो झगडा त अब ६९९ जनामा को-को पर्ने भन्नेमै देखिन्छ । यसमा १ सय सीट पछि आउनेहरुका लागि खाली राखेर तत्काल ५९९ सीटमा भर्ती गर्ने बताइएको छ । पार्टीभित्र उपाध्यक्षदेखि उप-महासचिव सम्मका पदहरु थप गरिने भएको छ । आवश्यकताका लागि भन्दा पनि व्यक्तिको व्यवस्थापनका लागि यसरी पदहरु सिर्जना गर्न लागिएको छ । तर, जति नै पदहरु बढाए पनि पार्टीभित्र एकमना एकताको सम्भावना कमै देखिन्छ ।

वैद्य, बाबुराम र विप्लवलाई प्रहार

पार्टी एकतालाई महान उपलब्धिका रुपमा चर्चा गरिरहेका बेला भावावेशमा आएर माओवादी केन्द्रका नेताहरुले अब केही दिन मोहन वैद्य, बाबुराम भट्टराई र विप्लवलाई चर्को दबाव पुग्ने सम्भावना छ । विप्लव समूहबाट तिलक परियारलगायतका नेताहरु मूलघरमा फर्किएको अवस्था छ । अब यही होहल्लामै अरुलाई पनि तान्ने र विप्लवलाई रुख्याउने थप काम हुन सक्छ । अन्तिममा विप्लव पनि गलेर मूलघरमै फर्किन्छन् भन्ने विश्वास कतिपय नेताहरुमा छ ।

त्यसैगरी डा. बाबुराम भट्टराई समूहमा लागेका नेता कार्यकर्ताहरु पनि ठूलो घरमा फर्किने आशा नेताहरुले गर्न थालेका छन् । नयाँ शक्तिमा लाग्ने क्रम रोकिने र उतातिरको भेल आफूतिर फर्किने प्रचण्ड र बादल समूहका नेताहरुको अनुमान हुन सक्छ । पार्टी एकतामा सामेल नभएका मोहन वैद्य पनि एक्लै धेरै समय बस्न नसक्ने विश्लेषण मूलधारका माओवादीहरुले गरेका छन् । प्रचण्ड र बादल समूहभित्र भावना र उत्तेजना बढी देखिए पनि वैचारिक राजनीतिक प्रष्टता र कार्यदिशा भने स्पष्ट देखिँदैन । एमाले भन्दा माओवादी कुन अर्थमा फरक छ भनेर पुष्ट्याइँ गर्ने अवस्थामा प्रचण्ड नेतृत्वको पार्टी अहिलेसम्म उभिन सकेको छैन । पार्टी एकता पनि ढोल बजाएर गरिएको छ, तर राजनीतिक कार्यनीतिक स्पष्टता देखिँदैन । माओवादी नेता मोहन वैद्य जडसूत्रवादी एवं अव्यवहारिक अवश्यै हुन्, तर उनी राजनीतिक अन्तरविरोधको आँकलन र विश्लेषण गर्न नसक्ने नेताचाँहि होइनन् । अब प्रचण्डले नेतृत्व गरेको माओवादीको भविश्य के हुन्छ भन्ने कुरा मोहन वैद्यले पक्कै बुझेका छन् ।

अहिले कार्की प्यालेसमा देखिएको तामझामबाटै हौसिने र सतहकै घटनालाई देखेर बहकिने नेताका रुपमा मोहन वैद्यलाई कसैले बुझेको छ भने त्यो सही बुझाइ होइन । सम्भवतः वैद्यले प्रचण्ड नेतृत्वको माओवादीको भविश्य त्यति गतिलो देखेनन् र यही कारणले उनी एकता प्रक्रियामा सहभागी भएनन् । मोहन वैद्यजस्तै डा. बाबुराम भट्टराई पनि कमजोर नेता होइनन् । पार्टी एकताबाट रौसिएका केही कार्यकर्ताले अब बाबुरामले पश्चाताप गर्ने र पार्टीमा फर्कने अनुमान लगाए पनि डा. भट्टराई अलि परसम्म हेर्न सक्ने विश्लेषक हुन् । उनलाई पनि कमजोर आँकेर प्रचण्ड समूहले बाबुराम, वैद्य र विप्लवलाई फिका बनाउँछन् भनेर विश्लेषण गरिहाल्न गाह्रो छ । नेत्रविक्रम चन्द विप्लव महत्वाकांक्षी नेता भएकाले उनीचाँहि मूलधारमा फर्कन सक्ने कतिपयको अनुमान देखिन्छ । मोहन वैद्यभन्दा फरक देखिन र क्रान्ति गर्नका लागि पार्टी फुटाए पनि विप्लवले केही गर्न सकेका छैनन् । बरु क्रान्तिका नाममा उनको समूहका धेरै नेताहरु आर्थिक संकलनमा लागेको गुनासो सुनिने गरेको छ । के उसोभए अब विप्लव, वैद्य र बाबुराम भट्टराई एक ठाउँमा आउलान् त ? यस्तो भयो भने त्यो असैद्धान्तिक एकता हुनेछ । किनभने लाइनको हिसाबले यी तीन नेताहरु फरक धरातलमा उभिएका छन् ।

जिऊज्यानको हिसाबले प्रचण्ड नेतृत्वको माओवादी मूलधार जस्तो देखिए पनि उसमा देखिएको एमालेपरस्तता मुख्य समस्या हो । यो हिसावमा बाबुराम नेतृत्वको नयाँ शक्ति प्रचण्डका लागि अझै पनि चुनौती बन्ने खतरा छ । बाबुराम समूहले जेठको अन्तिममा राष्ट्रिय भेलाको तयारी गरिरहेको छ, त्यतिबेलासम्म सम्भवतः कार्की पार्टी प्यालेसको तरंग सेलाइसकेको हुनेछ र पदको लुछाचुँडी सुरु भइसकेको हुनेछ ।

अन्त्यमा, माओवादीहरु एक भएका र जुटेका बेलामा उनीहरुभित्रको चुनौतीबारे चर्चा गर्नु भनेको हनिमुनको साँझ मृत्युका विषयमा प्रवचन दिएजस्तै असान्दर्भिक हुन सक्छ । दलहरु चोइटिनुको साटो एकतावद्ध हुनु सकारात्मक विषय नै हो । तर, जीवनको सत्य त हो पनि हो कि हामीले शरीरमा देखिनसक्ने रोगहरुका बारेमा चर्चा गर्नैपर्छ र त्यसबाट जोगिनका लागि सचेत गराउनैपर्छ ।

कुक चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि थकाली खाना बनाउन जान्ने अनुभवी कुक आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

तलव : आकर्षक/आपसी समझदारीमा

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५२६३०९

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा